annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक २, पृष्ठ ८ | काठमाडौं, शनिबार १९ वैशाख २०८३ | वैशाख कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११४६ | SATURDAY, MAY 2, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# स्वामित्व विश्वविद्यालयको, उपभोग हुकुमवासीको

दाङस्थित नेपाल संस्कृत विश्वविद्यालय र महेन्द्र बहुमुखी क्याम्पसको स्वामित्वमा रहेको करिब १४ सय बिघा जग्गा विगत साढे दुई दशकदेखि राजनीतिक आडमा सुकुम्बासीका नाममा कब्जामा छ। राजनीतिक आडमा केही व्यक्तिको नियन्त्रणमा रहेको भनिएको जग्गा २५ वर्षदेखि सुकुम्बासी देखाएर हुकुमवासीको रजगज रहेको विश्वविद्यालयले जनाएको छ।

**गोपाल शर्मा भट्टराई** | *दाङ*



विस्तृत पृष्ठ २

## भित्री पृष्ठ



अमर योगी, अखण्ड ज्योति - पृष्ठ ३



अन्नपूर्णा : शिखरको दिव्य वात्सल्य - पृष्ठ ४



एक कचौरा करुणा - पृष्ठ ५



अल्लोवाली 'हिसिला दिदी' - पृष्ठ ७

# ट्रम्पका विशेषदूतको काठमाडौंमा 'द्रूत' भेटघाट

### भारतीय विदेश सचिव पनि वैशाख अन्तिम साता नेपाल आउने

**अन्नपूर्ण** | *काठमाडौं*



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेषदूत सर्जियो गोरले काठमाडौंमा राजनीतिक भेट तीव्र बनाएका छन्। गोरले शुक्रबार अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र परराष्ट्रमन्त्री शिशिर खनालसँग सिंहदरबारमा भेट गरेका छन्। वालेन्द्र शाह प्रधानमन्त्री भएपछि नेपाल भ्रमण गर्ने गोर सबैभन्दा उच्च कूटनीतिज्ञ हुन्।

सेर्जियो गोर हाल भारतका लागि अमेरिकी राजदूतको रूपमा कार्यरत छन्। उनलाई अमेरिकी राष्ट्रपति डोनल्ड जे. ट्रम्पले दक्षिण र मध्य एसियाका लागि विशेष दूतको रूपमा नियुक्त गरेका थिए।

गोर ह्वाइट हाउसमा राष्ट्रपतिका सहायक र 'प्रेसिडेन्सियल पर्सनेल'का निर्देशक थिए। निर्देशकको रूपमा उनले संघीय सरकारका हजारौं राजनीतिक नियुक्तिहरूको व्यवस्थापन जिम्मा सम्हालेका थिए। उनी ट्रम्पका निकट सहयोगी अधिकारी हुन्।

वैशाख ७ मा काठमाडौं आएका अमेरिकी सहायक विदेशमन्त्री समिर पल कपुर स्वदेश फर्केलगत्तै गोरको काठमाडौं भ्रमण भएको हो। नेपाल भ्रमणका क्रममा गोरको प्रधानमन्त्रीसँग भेट गर्ने कार्यक्रम भने नरहेको उनका प्रेसविज्ञ दीपा दाहालले बताइन्।

पहिलोपटक काठमाडौं आएका गोरको नेपाल भ्रमण मुख्यत: व्यवसाय, लगानी र दुई देशका सरकारबीच सम्बन्ध विस्तारलगायतका विषयमा केन्द्रित रहेको अमेरिकी दूतावासले जनाएको छ। भ्रमणका क्रममा विशेष दूत गोरले नेपाल सरकारका वरिष्ठ अधिकारीहरूसँगै व्यावसायिक क्षेत्रका नेतृत्वसँग भेटघाट गर्ने तय भएको दूतावासले बताएको छ। यसअघि नेपाल भ्रमण गरेका अमेरिकी सहायक विदेशमन्त्री समिर पल कपुरले पनि रास्वपा सभापति रवि लामिछाने र परराष्ट्रमन्त्रीसँग मात्रै भेटेर फर्किएका थिए। अर्थमन्त्रीसँग भएको भेटमा नेपाल र अमेरिकाबीचको आर्थिक साझेदारी र विकास सहायताका विविध विषयमा छलफल भएको छ। शुक्रबार दिउँसो साढे तीन बजे अर्थ मन्त्रालयमा उनीहरूबीच झन्डै २० मिनेट भेटवार्ता भएको थियो।

परराष्ट्रमन्त्री शिशिर खनालसँग भएको भेटमा उनीहरूबीच व्यापार विस्तार तथा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गतका पहलहरूलाई अघि बढाउने विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। 'उहाँहरूबीच विभिन्न सम्भावनायुक्त क्षेत्रमा द्विपक्षीय सहकार्यलाई थप सुदृढ बनाउनेबारे रचनात्मक र फलदायी छलफल भएको छ,' मन्त्रालयको प्रेस नोटमा भनिएको छ।

**भारतीय विदेश सचिव आउँदै**

भारतको विदेश मन्त्रालयका सचिव विक्रम मिस्री वैशाख २८ गते दुई दिनका लागि काठमाडौं आउने तय भएको परराष्ट्र मन्त्रालयका उच्च अधिकारीले बताएका छन्।

» बाँकी पृष्ठ ६

# आङ सान सुकीलाई घरमै नजरबन्दमा सारियो

**म्यानमार** (एजेन्सी): म्यानमारकी पूर्वनेत्री आङ सान सुकीलाई हिरासतबाट उनकै घरमा नजरबन्दका लागि सारिएको छ। उनलाई सन् २०२१ को 'कू'पछि सत्ताच्युत भएको पाँच वर्षभन्दा बढी समयपछि देशको राजधानी नायप्यिदोमा घरमै नजरबन्दका लागि सारिएको हो।

८० वर्षीया सुकीलाई सेनाले सत्ता कब्जा गरेपछि सोही वर्षदेखि हिरासतमा राखिएको थियो। सैन्य विद्रोहले देशलाई द्वन्द्व र आर्थिक संकटतर्फ धकेलेको छ। उनलाई कुन अवस्थामा राखिएको थियो भन्नेबारे निकै कम जानकारी सार्वजनिक भएको छ। उनको कानुनी टोलीका एक सदस्यले पुष्टि गरेअनुसार उनलाई बिहीबार राति नायप्यिदोमा घरमै नजरबन्दमा सारिएको हो। टोलीले आइतबार उनलाई भेटेर उनको अवस्थाबारे छलफल गर्ने र केही आवश्यक सामग्री पुर्‍याउने योजना बनाएको छ। 'स्थिति परिवर्तन भएको छ। अब यो साधारण जेल भेटघाटजस्तो होइन, बरु कानुनी टोली गएर उहाँसँग प्रत्यक्ष छलफल गर्ने भेट हुनेछ', कानुनी प्रतिनिधिले भने।

# विस्थापनले लिँदैछ सुकुम्बासीको ज्यान

**अजवी पौड्याल** | *काठमाडौं*

सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले बिहीबार एक सूचना जारी गर्दै अब लगत संकलन नगरी र प्रमाणीकरण नगरी सुकुम्बासी बस्ती नभत्काउने निर्णय भएको बताएका थिए। तर, शुक्रबार बिहान बल्खुको तरकारी बजार छेउमा रहेको सुकुम्बासी बस्ती पुग्दा भने त्यहाँको वातावरण पूरै तनावग्रस्त देखिन्थ्यो।

महानगरको डोजर सखारै बस्तीमा पसेको थियो। राम्रोसँग उठ्न नपाएका सुकुम्बासीहरू बल्खु पुलमा उभिएर आफ्नो घर-टहरो भत्काएको हेर्दै थिए। बस्तीमा महानगरका आधा दर्जन डोजर नाचिरहेका थिए। डोजरसँगै त्यहाँ आश्रित सयौं परिवार बेघर भइरहेका थिए। वर्षौं लगाएर टालेको टहरो र जोडेको केही सम्पत्ति केही सेकेन्डमै भग्नावशेष बन्दै थियो। उनीहरूको छत उदांगिएको थियो।

छतसँगै उनीहरूको पनि उठिबास भएको थियो। महानगरको डोजरले बस्तीमा रहेको बुद्ध विहार, चर्च र मन्दिर पनि भत्काएको थियो। सुकुम्बासी बस्ती भत्काउने क्रममा धार्मिक आस्था बोक्ने मन्दिर, विहार र चर्चमा पनि डोजर लगाएपछि सरकारको विरोध भइरहेको छ।

बल्खुस्थित बागमती नदीकिनारमा आश्रय लिएका ६१ वर्षीय इन्द्रबहादुर राई शुक्रबार साढे तीन बजे बागमती नदीमा मृत भेटिए। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता पवनकुमार भट्टराईका अनुसार हलेसी तुवाचुङ नगरपालिका-११, खोटाङ घर भई हाल बल्खु सुकुम्बासी बस्तीमा बस्ने राई नदीमा मृत फेला परेका हुन्। उनी बल्खु तरकारी बजारमा भारी बोक्ने काम गर्ने गरेको स्थानीयले जानकारी दिए। स्थानीय प्रज्वल लिम्बूका अनुसार उनी आफ्नो घरमा डोजर चलाएपछि विरक्तिएका थिए। लिम्बूले भने, 'उनी जागरण टोलकै हुन्।' मृतककी श्रीमतीले पनि घरमा डोजर चलाएपछि उनी निराश भएर हिँडेको बताइन्। राईले 'घर भत्केको हेर्नै सक्दिनँ' भन्दै बिहानै विरक्तिएर हिँडेका थिए।

मनोहरा सुकुम्बासी बस्तीका एक किशोरले पनि सरकारले घर भत्काउने सूचना दिएपछि विरक्तिएर आत्महत्या गरेका थिए।



**थापाथलीस्थित बागमती नदीकिनारको सुकुम्बासी बस्ती हटाउने क्रममा बेहोस महिलालाई अस्पताल लैजान सहयोग गर्दै प्रहरी।** ● अन्नपूर्ण

» बाँकी पृष्ठ ६

## शक्तिहीन नागरिकमाथि सरकार निर्मम : कांग्रेस

काठमाडौंका विभिन्न सुकुम्बासी बस्तीहरूमा सरकारले चलाएको डोजर र सुरक्षाफौजको परिचालनलाई लिएर कांग्रेस संसदीय दलले प्रश्न उठाएको छ। कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सुकुम्बासी व्यवस्थापनका नाममा भइरहेको अमानवीय क्रियाकलापलाई 'राज्यद्वारा आफ्नै नागरिकमाथि गरिएको युद्ध' को संज्ञा दिएका छन्।

बस्ती भत्काउने क्रममा उत्पन्न मानसिक तनावका कारण काठमाडौंमा दुई जनाले ज्यान गुमाउनु परेको घटनाले राज्यको कठोर नीतिको भयावह मानवीय मूल्य उजागर गरेको आङ्देम्बेको भनाइ छ। 'सुकुम्बासी बस्तीमा आज डोजर चल्दैछ। यो टहरा भत्काउने दृश्यमात्रै होइन, राज्यको वास्तविक चरित्र उदांगो बनेको क्षण पनि हो। आफ्नै शक्तिहीन नागरिकमाथि सरकार किन यति निर्मम रूपमा बल प्रयोग गर्दैछ? जब शक्ति प्रदर्शन नै सरकारको प्राथमिकता बन्छ, त्यो लोकतन्त्र होइन– निरंकुशताको पराकाष्ठा हो,' उनले भने।

वास्तविक सुकुम्बासी र हुकुमवासीको पहिचान नगरी सबैलाई एउटै डालोमा राखेर उठिबास लगाउनु क्रूर अन्याय भएको भन्दै उनले सेना परिचालनको समेत विरोध गरे। नागरिक मामिला र लगत संकलन जस्तो कार्यमा सेनालाई जोड्नु लोकतान्त्रिक मूल्यविपरीत भएको उनको भनाइ छ। 'आज यस्तो अनुभूति हुन थालेको छ कि राज्यले आफ्ना नागरिकलाई नै 'समस्या'को रूपमा हेर्न थालेको छ। सुरक्षा फौज परिचालन गरेर जनतामाथि गरिएको हस्तक्षेपले राज्यको दमनकारी अनुहार छर्लंग पारिदिएको छ। यस्तो व्यवहारले राज्यलाई संरक्षक होइन, त्रासको प्रतीक बनाउँछ,' उनले भने।